सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# PROACTIVE DISCLOSURE

पनौती नगरपालिका, काभ्रेपलाञ्चोकको पहिलो त्रैमासिक

## स्वतः प्रकाशन

आ.व. २०८०/०८१

(साउन-असोज)




प्रकाशक

पनौती नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

# पनौती नगरपालिकाको परिचय

पनौती नगरपालिका नेपालको राजधानी काठमाण्डौ देखि दक्षिणपूर्वतर्फ ३२ कि. मि. को दुरीमा पर्दछ । वि.सं. २०७३ फागुन २७ मा पनौती नगरपालिका साविकको अवस्थाबाट पुर्नसंरचित भई वि.स. २०५३ माघ ११ मा एकिकृत भएका पनौती, खोपासी, मल्पी, टौखालदेवीस्थान, सुन्यान सारदा र सुब्बागाउँ, रयाले, कुशादेवी, कलौती भुमिडाँडा र बल्थली गाविसका पुरै भाग लगायत शारदा बतासेको वडा नं. ३,४ र ९ एवं शंखुपाटी चार गाविसको वडा नं. ४ समावेश भई विविधतायुक्त बृहत स्थानीय तहका रुपमा पनौती नगरपालिकाको गठन भएको छ । प्राकृतिक सम्पदा एवं पुरातात्विक दृष्टिले महत्वपूर्ण यस नगरपालिका विश्व सम्पदा सूचीमा सुचिकृत गर्नको लागि प्रस्तावित छ । मठमन्दिर एवं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण प्राचीन पनौती शहर वि.स. १८२० साल कार्तिक १० गते पृथ्वीनारायण शाहको विजय अभियानसँगै नेपाल राज्यमा एकीकरण भएको थियो ।




**<u>सिमाना</u>**

* पुर्वः धुलिखेल नगरपालिका
* पश्चिम ललितपुर जिल्ला र भक्तपुर जिल्ला
* उत्तर बनेपा नगरपालिका र भक्तपुर जिल्ला
* दक्षिणः बेथानचोक गाउँपालिका र ललितपुर जिल्ला

**नगर कार्यपालिकाको कार्यालय**

**पनौती, काभ्रेपलाञ्चोक**

**(सूचनाको हक सम्बन्धी ऐन २०६३ को दफा ५(३) अनुसार**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधान २०७२ को धारा ५६ (१) अनुसार नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ प्रकारको हुनेछ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यो संविधान र संविधान अन्तर्गत बन्ने कानून अनुसार गर्नेछन । स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा हुनेछन । संविधानको भाग १७ धारा मा स्थानीय कार्यपालिका भाग १८ मा स्थानीय व्यवस्थापिका र भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ । तीन तहको सरकारमध्ये एक तहको सरकारको रुपमा आर्थिक न्यायिक, कार्यपालिकीय तथा व्यवस्थापकीय कार्य जिम्मेवारी संविधानले नै तोकिएको शासकीय स्वरुपको एक अङ्ग हो । यो आफ्नो क्षेत्रभित्र कार्यपालिकीय व्यवस्थापकीय न्यायिक तथा आर्थिक कार्यप्रणाली सञ्चालन गर्न सक्ने स्वायत्त निकायको रुपमा रहेको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

नेपालको संविधान, २०७२ को अनुसूची ८ र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ ले व्यवस्था गरे बमोजिमका निम्नानुसार काम, कर्तव्य तथा अधिकारहरू उल्लेख भएको छ ।

क. नगर प्रहरीको गठन सञ्चालन तथा व्यवस्थापन ।

ख. सहकारी संस्था दर्ता नियमन तथा खारेजी ।

ग. फ्रिक्वेन्सी मोड्युलेशनमा रेडियो सञ्चालन ।

घ. स्थानीय कर सेवा शुल्क तथा दस्तुर सम्बन्धी कानून निर्माण तथा संकलन ।

ङ. स्थानीय सेवाको व्यवस्थापन ।

च. स्थानीय तथ्याङ्क र अभिलेख संकलन ।

छ. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सञ्चालन ।

ज. आधारभूत र माध्यमिक शिक्षाको योजना तर्जुमा कार्यान्वयन अनुगमन मूल्याङ्कन र नियमन ।

झ. आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति कानून मापदण्ड योजना तर्जुमा कार्यान्वयन तथा नियमन

ञ. स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधताको संरक्षण ।

ट. स्थानीय सडक ग्रमीण सडक कृषि सडक र सिंचाइ योजना तर्जुमा कार्यान्वयन अनुगमन र नियमन ।

ठ. गाउँसभा नगरसभा मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ।

ड. स्थानीय अभिलेख व्यवस्थापन ।

ढ. जग्गाधनि दर्ता प्रमाणपूर्जा वितरण ।

ण कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन पशु स्वास्थ्य सम्बन्धि कार्य ।

त. ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन ।

थ. बेरोजगारको तथ्याङ्क सङ्कलन ।

द. कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण ।

ध. खानेपानी साना जलविद्युत आयोजना र वैकल्पिक उर्जा ।

न. विपद व्यवस्थापन ।

प. जलाधार वन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण ।

फ. भाषा संस्कृति तथा लिलतकलाको संरक्षण र विकास ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

स्थायी कर्मचारी संख्या - ६२ जना

करार कर्मचारी संख्या - ५२ जना

वेवसाईट लिंकः http://www.panautimun.gov.np/staff

**४. निकायबाट प्रदान गरिने सेवा**

१. सम्पत्ति कर मालपोत तथा भुमिकर

२. चारकिला प्रमाणित तथा सिफारिस

३. अंगिकृत नागरिकता वंशज नागरिकता प्रमाणपत्र र प्रतिलिपिको सिफारिस

४. घर नक्सा पास तथा नामसारी

५. व्यक्तिगत घटना दर्ता (सम्बन्ध विच्छेद बसाइसराई विवाह मृत्यु जन्म दर्ता)

६. नाता प्रमाणित

७. व्यवसाय दर्ता तथा नविकरण ।

८. योजना जाँचपास फरफारक र अन्तिम भुक्तानी योजना सम्झौता मूल्याङ्कन तथा फरफारक ।

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| निकायको शाखाहरु/कार्यहरु | जिम्मेवार अधिकारी |
|---|---|
| आर्थिक प्रशासन शाखा | लेखा अधिकृत कृष्णप्रसाद सैंजु |
| योजना शाखा | ई. प्रेम कुमार सोनाम |
| प्रशासन शाखा | अधिकृत सातौं निराजन मैनाली |
| आ.ले.प शाखा | अधिकृत सातौं तेजप्रसाद ढकाल |
| शिक्षा, युवा तथा खेलकुद शाखा | निर्देशक (अधिकृत दशौं) प्रणराज न्यौपाने |
| स्वास्थ्य शाखा | सि.अ.हे.ब अधिकृत पुरुषोत्तम तिमल्सिना |
| प्राविधिक शाखा | ई. प्रेम कुमार सोनाम |
| पशुपंछी विकास | अधिकृत छैठौं लिलानाथ सापकोटा |
| कृषि विकास | अधिकृत छैठौं देवकी बुढथापा |
| नक्सापास शाखा | ई. राजकुमार प्रधान |

| | |
|---|---|
| नापी | अमिन ईश्वर कार्की |
| महिला तथा बालबालिका शाखा | अधिकृत छैठौं लक्ष्मी पोखरेल |
| सहकारी शाखा | अधिकृत छैठौं तुलसी राना |
| बालमैत्री स्थानीय शासन शाखा | अधिकृत छैंठौ केशव बञ्जारा |
| सूचना प्रविधि शाखा | अधिकृत छैठौं सरोज घिमिरे |
| प्रधानमन्त्री रोजगार शाखा | अधिकृत छैंठौ कुमार तामाङ |
| पञ्जिकरण | वडा सचिवहरु |
| उद्यम विकास शाखा | सहायक पाँचौ सुदर्शन कार्की |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

पनौती नगरपालिका, नगर कार्यपालिकाको बैठक र प्रशासनिक निर्णयका लागि प्रमुख प्रशासकीय अधिकृत

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

१. नगर कार्यपालिका

२. नाम, पदः राम प्रसाद आचार्य, प्रमुख प्रशासकीय अधिकृत

## ७. सम्पादन गरेको कामको विवरण

### ७.१ प्रशासन तर्फः

पनौती नगर कार्यपालिकाको विभिन्न मितिमा भएको बोर्ड बैठकवाट भएका निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित शाखा, कार्यालय र तालुक मन्त्रालयमा पत्राचार गरिएको ।

- यस अवधिमा भएको महत्वपूर्ण निर्णयहरुः
  - २०८०।०८१ को दररेट स्वीकृती,
  - बार्षिक खरिद योजना स्वीकृती,

दर्ता र नवीकरण भएको प्रमाण-पत्रहरुः-

| क्र.सं. | विवरण | असोज मसान्तसम्म दर्ता | असोज मसान्तसम्म नविकरण |
|---|---|---|---|
| १ | होमस्टे | - | २ |
| २ | ढुङ्गा खानी | - | १० |
| ३ | मुहान दर्ता | १ | ३ |
| ४ | “घ” वर्ग निमार्ण व्यवसाय | ३ | ३१ |
| ५ | एफ.एम. रेडियो | - | - |
| ६ | उपभोक्ता समिति | २ | - |

साथै,

- कर्मचारीहरु सम्बन्धी दैनिक कामको सम्पूर्ण फाइल अपडेट गरेको ।
- स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा राजस्व मोडल सञ्चालनमा आएको ।
- कर्मचारीहरु सग सम्बन्धीत प्रशासनिक कार्य सम्पन्न गरिएको ।
- विभिन्न संघ संस्था संग समन्वय तथा सिफारिस लगायतका कार्यहरु ।

**७.२ आर्थिक प्रशासन तर्फ**

मितिः २०८०।०४।०१ देखि मितिः २०८०।०६।३१ सम्ममा भएका कार्यहरु निम्नानुसार रहेका छन्।

- कुल आम्दानी २९,९२,४९०७६।१७ (मौज्दात अ.ल्या. रु. ७०२८१४८८।२१ समेत)
- राजश्व असुली (आन्तरिक) ७,४४,७२२११७९।०५
- कुल खर्च १६,८६,८५७५९।६९

**७.३ योजनातर्फः**

मितिः २०८०।०४।०१ देखि मितिः २०८०।०६।३१ सम्ममा भएका कार्यहरु निम्नानुसार रहेका छन्।

| वडा नं. | ठेक्का आव्हान भएको योजना संस्था | उपभोक्ता समितिबाट संझौता भएको योजना संख्या | सम्पन्न योजना संख्या |
|---|---|---|---|
| १. | ६ | १ | १ |
| २. | ४ | १ | ० |
| ३. | ५ | ४ | ० |
| ४. | ८ | ० | ० |
| ५. | ७ | ० | ० |
| ६. | ८ | ० | ० |
| ७. | ० | ० | ० |
| ८. | ३ | ० | ० |
| ९. | ३ | ० | ० |
| १०. | २ | ० | ० |
| ११. | १ | ० | ० |
| १२. | ४ | २ | २ |
| **जम्मा** | **५२** | **८** | **३** |

### ७.४ शिक्षा, युवा तथा खेलकुद तर्फः

- शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहजकर्ताहरुको तलव भत्ता तथा विद्यालयका लागि अन्य सन्चालन खर्च व्यवस्थापन,
- शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ जस्ता विभिन्न निकायहरुबाट संचालित तालिम कार्यशालामा शिक्षाको पेशागत क्षमता अभिवृद्धिसंग सम्बन्धित तालिममा शिक्षकको सहभागिता रहेको,
- स्थानीय सरोकारवाला शिक्षासेवी तथा विज्ञ समूह समेतको सहभागितामा स्थानीय पाठ्यक्रममा आधारित कक्षा (१—८) को पाठ्यपुस्तकको कार्यान्वयन,
- दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको सहकार्यमा वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि पनौती नगरपालिका अन्तर्गत सन्चालित १२ ओटै माध्यमिक विद्यालयमा सम्झौता भएको,
- दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको सहकार्यमा वृत्ति मार्ग निर्देशन कार्यक्रम सञ्चालनका लागि पनौती नगरकार्यपालिकाका जनपै्रतिनिधि तथा शाखा प्रमुखहरुका लागि र पनौती नगरपालिका अन्तर्गत सन्चालित १२ ओटै माध्यमिक विद्यालयका प्रधानाध्यापक, व्यवस्थापक तथा शिक्षकहरुका लागि कार्यक्रम अभिमुखीकरण सम्पन्न,
- दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको सहकार्यमा यस आ.व को लागि पेशागत कुक, पेशागत कम्प्युटर हार्डवयर एण्ड नेटवर्किङ र पेशागत मोटरसाइकल मेन्टिनेन्स एण्ड रिपेयर विषय छनोट भइ सो सम्वन्धि आवश्यक प्रक्रिया अघि वढेको,
- पनौती नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक कर्मचारी तथा वालमैत्री सहजकर्ताका लागि २ दिने मनोसामाजिक परामर्श कार्यक्रम सम्पन्न,
- नियमित प्रधानाध्यापक वैठक, अभिमुखीकरण तथा अन्तक्रिया कार्य ३४ वटा विद्यालयहरुको असल अभ्यास आदान प्रदानका साथ सम्पन्न,
- विद्यालयको एकिकृत शैक्षिक सूचना प्रणाली लाई विद्यालयको अभिलेख व्यवस्थापनको अभिन्न अंगको रुपमा विकास गरिएको,
- संस्थागत विद्यालयका प्रिन्सिपलहरुको त्रैमासिक रुपमा हुने वैठक, अभिमुखीकरण तथा अन्तक्रिया सम्वन्धि कार्य सम्पन्न,
- शैक्षिक गतिविधिहरुलाई पारदर्शी वनाउने उद्देश्यले शैक्षिक वुलेटिन प्रकाशनको तयारी अन्तिम अवस्थामा पुगेको,
- समुदायको आवश्यकता तथा मागका आधारमा गुरुकुल विद्यालयहरुको पूर्वाधार तयारीका लागि प्रयासरत,
- नियमित रुपमा विद्यालयको अनुगमन निरीक्षण तथा पृष्ठपोषणबाट गुणस्तर सुधारमा सहयोग प्राप्त भएको,

- विद्यालयमा हुने पठनपाठनमा सहजता ल्याउन शिक्षक पाठ नोट पुस्तिका तयारी,
- स्पोटर्स फर डेभलपमेन्ट परियोजना संग सहकार्य गरी यस न.पा अन्तर्गतका ५ ओटा विद्यालयमा कार्यको शुरुवात,
- हिलिङ टुगेदर नेपाल संग सहकार्य गरी कार्य अगाडी वढेको,
- पिस्कोर स्वयमसेवक अभिमुखीकरण सम्पन्न,
- युवा तथा खेलकुद मन्त्रालयका सचिव श्री रविलाल पन्थ समुपस्थितिमा खेलकुद क्षेत्रमा क्रियाशिल पनौती नगरपालिका भित्रका खेल प्रशिक्षक, रेफ्रि, खेलाडी तथा विद्यालयका खेल शिक्षक तथा विद्यार्थीहरुको doping सम्बन्धी सचेनामूलक कार्यक्रम सम्पन्न,
- सामुदायिक विद्यालयमा सेनिटरी प्याड वितरण ।

**७.५ स्वास्थ्य तर्फः**

आ.व. २०८०/०८१ को श्रावण देखि असोज मसान्तसम्ममा सम्पन्न भएका स्वास्थ्य कार्यक्रमहरु :

1. आ.व. २०७९/८० को स्वास्थ्य सम्बन्धी जिल्ला स्तरिय वार्षिक समिक्षा कार्यक्रममा भएको मूल्याङ्कनमा १३ पालिका मध्ये दितीय स्थान हासिल गर्न सफल,
2. मानसिक स्वास्थ्य कार्यक्रमलाई विशेष सम्मान प्रदान,
3. नगरपालिका क्षेत्रभित्र १५ स्वास्थ्य संस्था, ४ वटा प्रयोगशाला, ३ वटा बर्थिंग सेन्टर, १४ क्षयरोग उपचार केन्द्र, ४ वटा विद्यालय नर्स, ३६ खोप क्लिनिक, ३४ गाउँघर क्लिनिक र १०३ वटा आमा समूह संचालनमा रहेको,
4. खोपासी, पनौती र कुशादेवी बर्थिंग सेन्टरबाट २२ जनालाई प्रसुती सेवा दिइएको र रु.४३००/- का दरले प्रोत्साहन खर्च, न्यानो झोला र यातायात खर्च उपलब्ध गराइएको,
5. स्वास्थ्य संस्थाबाट १६९ जनाको पहिलो गर्भ जाँच तथा १२९ जनाको चौथो गर्भ जाँच गरिएको आठौ गर्भ जांच ९५ जनाको स्वास्थ्य परिक्षण गरिएको |
6. कुशादेवी र पनौती स्वास्थ्य चौकीमा मासिक रुपमा मनोरोग विशेषज्ञ सहितको ६ वटा मानसिक स्वास्थ्य शिविर संचालन गरि बिरामीलाई स्वास्थ्य परिक्षण तथा नियमित रुपमा निःशुल्क औषधि वितरणको व्यवस्था गरिएको,
7. स्वास्थ्य सँस्था प्रमुखहरुको ३ वटा नियमित बैठक संचालन गरिएको,
8. उच्च रक्तचाप नियन्त्रण सम्बन्धि कार्यक्रम संचालनका लागि ५७ जना स्वास्थ्यकर्मीलाई एक दिने अभिमुखीकरण संचालन गरिएको,
9. आत्महत्या रोकथाम सम्बन्धी र्याली आयोजना गरिएको,
10. विश्व मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिएको,
11. महिला स्वास्थ्य स्वयंसेविका कोष संचालन समितिको ३ वटा नगरस्तरीय बैठक संचालन गरिएको,
12. बार्षिक समिक्षा, स्तनपान सप्ताह, मानसिक स्वास्थ्य दिवस कार्यक्रम संचालन गरिएको,
13. ६४ जनालाई रेविज बिरुद्दको खोप लगाइएको,
14. ७२ जनालाइ भिडियो एक्सरे सेवा प्रदान गरिएको,

15. खोपासी, सुन्थान प्राथमिक स्वास्थ्य केन्द्र र कुशादेवी स्वास्थ्य चौकीबाट ३५ जनालाइ सुरक्षित गर्भपतन सेवा दिएको,
16. ११९ जना सुत्केरी महिला तथा नव शिशुको सुत्केरी पछी ३ दिन र ७-१४ दिनमा स्वास्थ्यकर्मीबाट घरैमा जाँच गरिएको,
17. ३ महिना सम्म ९४७ किशोरीलाई हप्तामा १ पटक आइरन चक्की खुवाएको,
18. ३० जना कडा रोग लागेका विपन्न नागरिकहरुका लागि विपन्न नागरिक उपचार सहयोग सिफारिस गरिएको,
19. २६ जना कडा रोगीलाई रु. १००००/- का दरले उपचार खर्च वितरण गरिएको,
20. डेंगु महामारी नियन्त्रणका लागि नगरपालिका, १२ वटा वडा, १४ स्वास्थ्य स्वास्थ्य संस्था, १०३ जना महिला स्वास्थ्य स्वयंसेविका र ५६ वटा विद्यालय स्तरमा कार्यक्रम संचालन गरिएको,
21. नगरपालिका क्षेत्रभित्रका वडाहरुमा ३ वटा आँखा शिविर सम्पन्न गरिएको,
22. धनेश्वर महादेव मन्दिर पनौती जात्रामा ५ पटक स्वास्थ्य शिविर संचालन गरिएको,
23. खोपासी भुमिडाँडा बल्थली तथा कुशादेविमा स्वास्थ्य शिविर संचालन गरिएको,
24. स्वास्थ्य संस्थाबाट नयाँ पुराना गरि २२५६३ जनालाइ स्वास्थ्य सेवा दिइएको,
25. गाउँघर क्लिनिकबाट १९६१ जनालाइ स्वास्थ्य सेवा दिइएको,
26. खोप क्लिनिकबाट १२८५ जनालाइ स्वास्थ्य सेवा दिइएको,
27. महिला स्वास्थ्य स्वयंसेविकाबाट ८६४२ जनालाइ स्वास्थ्य सेवा दिइएको ।

## ७.६ नक्सापास तर्फः

नक्सापास तर्फ निम्नानुसारका कार्यहरु भएका छन् ।

| क्र.सं. | वार्ड नं. | दर्ता | अस्थायी | स्थायी (गत वर्ष अस्थायी भएका समेत) | सम्पन्न | अभिलेखिकरण |
|---|---|---|---|---|---|---|
| १ | १ | २ | ० | २ | १ | १ |
| २ | २ | ३ | २ | ० | २ | ० |
| ३ | ३ | १ | १ | ० | ० | १ |
| ४ | ४ | ७ | ५ | ४ | १० | १ |
| ५ | ५ | ३ | १ | १ | १२ | ६ |
| ६ | ६ | ३ | ३ | ७ | १ | ० |
| ७ | ७ | २ | ३ | १ | ० | ३ |
| ८ | ८ | ३ | ४ | ४ | ४ | २ |
| ९ | ९ | २ | १३ | २१ | ० | २ |
| १० | १० | २ | १ | ४ | १० | २ |
| ११ | ११ | ० | ० | १ | २ | ० |
| १२ | १२ | ० | ० | ० | १ | ० |

| जम्मा | २८ | ३३ | ४५ | ४३ | १८ |
|---|---|---|---|---|---|

**७.७ न्यायीक समितितर्फ**

यस समितिबाट मितिः २०८०।०४।०१ देखि मितिः २०८०।०६।३१ सम्ममा भएका कार्यहरु निम्नानुसार रहेका छन् ।

| क्र.सं. | विवादित विषय | न्यायिक समितिबाट सम्पादित | | | वडा तहमा मेलमिलाप गर्न पठाएका | कैफियत |
|---|---|---|---|---|---|---|
| | | परेको निवेदन | फछ्यौंट | बाँकी | | |
| १. | **जग्गा विवाद** | २ | १ | १ | - | |
| २. | घरेलु हिंसा/घरायसी विवाद | २ | २ | - | - | |
| ३. | बाटो कायम | २ | १ | १ | - | |
| ४. | क्षतिपुर्ति | २ | २ | - | - | |
| ५. | अन्य | १ | १ | - | - | |
| **जम्मा** | | ९ | ७ | २ | ० | |

**७.८ सहकारी तर्फः**

मितिः २०८०।०४।०१ देखि मितिः २०८०।०६।३१ सम्ममा भएका कार्यहरु निम्नानुसार रहेका छन् ।

| क्र.सं. | विषय | परेको निवेदन | कार्य सम्पन्न | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | एकीकरण | १ | १ | ० | |
| २. | २०८० असोज सम्म लेखापरिक्षण प्रतिवेदन बुझाएका सहकारी संस्था | ५ | ५ | ० | |
| ३. | सहकारी संस्थालाई COPOMIS USER ID र PASSWORD वितरण गरिएको | २ | २ | ० | |
| ४. | विवरण संकलन | ३९ | ३९ | ० | विवरण संकलन गरि अध्यावधिक गर्ने कार्य सम्पन्न भएको |
| ५. | तथ्यांक अध्यावधिक गरिएको सहकारी संस्था | ६१ | ६१ | ० | |
| ६. | लेखा परिक्षण सहमति | १३ | १३ | ० | |
| ७. | विनियम संशोधन | २ | २ | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | विनियम पुनर्लेखन | २ | २ | २ | निवेदन उपर छानबिन जारी रहेको |
| ९. | सहकारी संस्थालाई साधारण सभाको लागि शुभकामना | ४ | ४ | ० | |
| १०. | नयाँ सहकारी दर्ता | १ | १ | ० | |
| ११. | परिपत्र | १ | १ | ० | |
| १२. | विविध सिफारिस | १० | १० | ० | |

### ७.९ कृषि विकासतर्फ

- कृषि सहकारी समूह मल डिलरसिप संग गोष्ठी
- घुम्ती तालिम वडा स्तरीय

### ७.१० पशुपंछी विकासतर्फ

- गाई भैंसीमा लाग्ने लम्पी स्किन रोग विरुद्धको खोप अभियान कार्यक्रम संचालन गरिएको,
- रेविज रोग नियन्त्रणको लागि सानुदायिक घर पालुवा कुकुरहरुलाई रेविज विरुद्धको खोप कार्यक्रम संचालन,
- कुकुरको संख्या नियन्त्रणका लागि सामुदायिक तथा छाडा कुकुरहरुको स्थायी बन्ध्याकरण शिविर संचालन ।

## ७.११ पञ्जिकरणतर्फ

मितिः २०८०।०४।०१ देखि मितिः २०८०।०६।३१ सम्ममा भएका कार्यहरु निम्नानुसार रहेका छन् ।

### व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

**जिल्ला :** काभ्रेपलाञ्चोक **गा.पा/न.पा. :** पनौती **दर्ता मिति देखिः** २०८०-०४-०१ **दर्ता मिति सम्मः** २०८०-०६-३०

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | १८ | ८ | | २६ | ३ | ३ | | ६ | १ | १२ | | | १ | १ | | ४६ |
| २ | १२ | १४ | | २६ | २ | ३ | | ५ | २ | ८ | | | ३ | १७ | | ४४ |
| ३ | १६ | १३ | | २९ | ६ | १० | | १६ | | १२ | | | १ | १ | | ५८ |
| ४ | ६ | १२ | | १८ | ८ | ६ | | १४ | २ | ८ | ७ | २८ | १ | ४ | | ५० |
| ५ | १२ | ११ | | २३ | ६ | ८ | | १४ | ३ | १८ | १ | ४ | १ | २ | | ६० |
| ६ | ५ | २ | | ७ | ३ | ३ | | ६ | १ | ११ | १ | १ | | | | २६ |
| ७ | ८ | १४ | | २२ | १ | २ | | ३ | ३ | १८ | ३ | ९ | १ | ४ | | ५० |
| ८ | ८ | ७ | | १५ | ७ | १ | | ८ | १ | ८ | | | २ | १२ | | ३४ |
| ९ | १४ | १२ | | २६ | ४ | ७ | | ११ | २ | ९ | १ | ६ | १ | १ | | ५० |
| १० | १४ | १५ | | २९ | ४ | ४ | | ८ | | १४ | २ | ८ | २ | ७ | | ५५ |
| ११ | ९ | ५ | | १४ | १ | १ | | २ | १ | ६ | | | | | | २३ |
| १२ | ८ | ९ | | १७ | ९ | ५ | | १४ | १ | १७ | | | ४ | १८ | | ५३ |
| **जम्मा** | **१३०** | **१२२** | **०** | **२५२** | **५४** | **५३** | **०** | **१०७** | **१७** | **१४१** | **१५** | **५६** | **१७** | **६७** | **०** | **५४९** |

७.१२ महिला तथा बालबालिका तर्फः

| क्रसं. | विवरण | इकाई | उपलब्धि |
|---|---|---|---|
| १ | अपाङ्गता परिचय पत्र वितरण- | वटा | फरक क्षमता भएका व्यक्तिहरुको पहचान र अधिकार प्राप्ति । **जम्मा २१ वटा** क वर्ग१-घ वर्ग,८- ग वर्ग,३-ख वर्ग,९- |
| २ | आयआर्जन र शैक्षिक सहयोगका लागि लेखाजोखा गर्न सहयोग | परिवार | विपन्न परिवारका १८ जना बालबालिकाले शैक्षिक सामाग्री र ११ परिवारले आर्थिक सहयोग प्राप्त गर्न खाजोखा गरि आवश्यक्ता पहिचान गर्न सहयोग गरेको । |
| ३ | आयआर्जनका लागि आर्थिक सहयोग | परिवार | शक्ति समुहको आर्थिक सहयोगमा ११परिवारलाई ४० हजार बराबरको आयआर्जन गर्न जिन्सि सामान हस्तान्तरण गर्न सहयोग गरेको । |
| ४ | शैक्षिक सहयोग | १८ जना | शक्ति समुहको आर्थिक सहयोगमा १२ हजार बराबरको शैक्षिक सामाग्री हस्तान्तरण गर्न सहयोग गरेको । |
| ५ | ज्येष्ठ नागरिक दिवस मनाउन तयारी र दिवस मनाएको । | पटक | १ वटा बृद्धाश्रम वटा ज्येष्ठ नागरिक मिलन ३,केन्द्रमा खद्यान्नका सामाग्री हस्तान्तरण र १ वटा ज्येष्ठ नागरिक साहारा केन्द्रमा खद्यान्नका सामाग्रीका सामाग्री सहित बाध्यबाधन र सरसफाइको सामाग्री समेत ज्येष्ठ नागरिक दिवसको अवसरमा हस्तान्तरण गरिएको । |
| ६ | ज्येष्ठ नागरिक दिवसको अवसरमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन । | पटक | ज्येष्ठ नागरिक दिवसको अवसरमा श्री शान्ति निकेतन मा .वि. मा ज्येष्ठनागरिकहरुंग भएका ज्ञान१-पनौती, सीप र अनुभव बिधार्थीहरुसंग आदनप्रदान गरि कार्यक्रम संचालन गरिएको थियो । |
| ७ | अचार बनाउने तालिम संचालन | पटक | पनौती ५ नं वडा कार्यालयको मागको आधारमा १८ जना महिला दिदि बहिनीहरुलाई सीप विकास अन्तरगत अचार बनाउने ३ दिने तालिम संचालन गरियो । |

## ८. सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीको नाम, पदः निराजन मैनाली, अधिकृतस्तर सातौं

कार्यालय प्रमुखको नाम, पदः राम प्रसाद आचार्य, प्रमुख प्रशासकीय अधिकृत (उपसचिव)

## ९. ऐन, नियम, विनियम वा निर्देशिका

पनौती नगरपालिका, काभ्रेपलाञ्चोकबाट जारी भएका कानूनहरुको विवरणः

| क्र.सं. | ऐन/कार्यविधि/नियमावली |
|---|---|
| १. | योजना तथा बजेट तुर्जमा दिग्दर्शन २०७४ |
| २. | निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि सम्बन्धी नियमावली २०७४ |
| ३. | बैठक संचालन सम्बन्धी कार्यविधि २०७४ |
| ४. | नगरसभा संचालन सम्बन्धी कार्यविधि २०७४ |
| ५. | सडक मापदण्ड-२०७४ |
| ६. | ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ |
| ७. | सडक मापदण्ड-२०७४ |
| ८. | नगरपालिकाको कार्यविभाजन नियमावली २०७४ |
| ९. | स्थानीय राजपत्र प्रकाशन सम्बनधी कार्यविधि |
| १०. | आर्थिक कार्यविधि विधेयक २०७४ |
| ११. | कर तथा गैरकर राजश्व सम्बन्धी विधेयक २०७४ |
| १२. | कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७४ |
| १३. | स्थानीय शिक्षा ऐन २०७४ |
| १४. | सहकारी ऐन २०७४ |
| १५. | कार्यसम्पादन नियमावली २०७५ |
| १६. | एफ.एम. रेडियो (व्यवस्थापन तथा संचालन कार्यविधि २०७५ |
| १७. | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ |
| १८. | नगर शिक्षा समिति कार्यविधि २०७५ |
| १९. | टोल विकास संस्था संचालन कार्यविधि २०७५ |
| २०. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ |
| २१. | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ |
| २२. | आर्थिक ऐन २०७५ |
| २३. | विनियोजन ऐन २०७५ |
| २४. | न्यायिक समिति (कार्यविधि सम्बन्धी) विधेयक २०७५ |
| २५. | विशेष सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ |
| २६. | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ |
| २७. | अपाङ्गता परिचय पत्र वितरण कार्यविधि २०७५ |
| २८. | आर्थिक विधेयक २०७६ |
| २९. | विनियोजन विधेयक २०७६ |
| ३०. | होमस्टे (घरवास) संचालन कार्यविधि २०७६ |
| ३१. | नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ |
| ३२. | पनौती नगरपालिकाको जग्गा विकास निर्देशिका २०७६ |
| ३३. | जलश्रोत उपयोग नियमावली २०७६ |
| ३४. | सार्वजनिक सडकमा परेको नीजि जग्गाको लगतकट्टा कार्यविधि २०७६ |
| ३५. | अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ |
| ३६. | बीउपूँजी परिचालन कार्यविधि २०७६ |

३७. विनियोजन ऐन २०७७
३८. आर्थिक ऐन २०७७
३९. सहकारी नीति २०७७
४०. सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७
४१. पनौती संरक्षित स्मारक क्षेत्रमा रहेका पुराना शैलीका नीजि भवनहरुको संरक्षण तथा बाहिरी आवरण सम्पदामैत्री बनाउने सम्बन्धी प्रोत्साहन मापदण्ड, २०७७
४२. विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यविधि, २०७७
४३. लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७७
४४. समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम (संचालन) कार्यविधि २०७७
४५. बाल विवाह विरुद्धको अभियान कार्यक्रम (संचालन) कार्यविधि २०७७
४६. अपाङ्गता, ज्येष्ठ नागरीक र महिलाहरुका लागि सुरक्षात्मक कोष स्थापना कार्यविधि २०७७
४७. कोशेली घर स्थापना तथा संचालन कार्यविधि २०७७
४८. पनौती नगरपालिका क्षेत्र भित्रका बन व्यवस्थापन गर्ने सम्बन्धमा बनेको बन ऐन २०७७
४९. मानवअधिकार तथा नगर परिषद् ऐन २०७७
५०. नगर युवा तथा खेलकुद परिषद् ऐन २०७७
५१. वातावरण तथा प्राकृतीक श्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७
५२. खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७७
५३. पनौती नगरपालिकाको सडक मापदण्ड, २०७४ संशोधन
५४. गुनासो व्यवस्थापन कार्यविधि २०७८
५५. आर्थिक ऐन २०७८
५६. विनियोजन ऐन, २०७८
५७. बालकोष संचालन कार्यविधि २०७८
५८. पनौती नगरपालिकाको सहकारी संस्था अनुगमन कार्यविधि २०७८
५९ बिनियोजन ऐन २०७९
६०. आर्थिक ऐन २०७९
६१. मठ मन्दिरको नित्यपूजा, लगायतका धार्मिक कार्य संचालनको लागि स्थापना गरिने अक्षयकोष सञ्चालन कार्यविधि २०७९
६२. नक्सा पास सम्बन्धि सूचना २०७९
६३. लैंगिक समानता तथा सामाजिक समावेसीकरण रणनीति २०७९
६४. स्थानीय उद्योग दर्ता, संचालन, ब्यवस्थापन र नियमन सम्बन्धी ऐन २०७९
६५. स्थानीय संघ/संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन २०७९
६६. शिक्षा ऐन संशोधन २०७९
६७. बिनियोजन ऐन २०८०
६८. आर्थिक ऐन २०८०
६९. लेखा समिति (गठन तथा संचालन) कार्यविधि २०८०
७०. "घ" वर्गको निर्माण ब्यवसायी इजाजत-पत्र सम्पन्धी कार्यविधि २०७५ मा संशोधन २०८०

## १०. अघिल्लो आर्थिक वर्ष कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण





कालीदेवी मन्दिर निर्माण



टोड्के सिँडी



गोरखनाथ परिसर सुधार



कलात्मक धारा

















११. वेवसाइट भए सोको विवरण

**http://www.panautimun.gov.np/**